# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

## पाक्षिक सम्भावित कार्यतालिका

२०८१ चैत १ देखि १५ गतेसम्मको लागि

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २५५ बमोजिम)

### २०८१ चैत

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| ३१ | | | | | १ | २ |
| ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| १७ | १८ | १९ | २० | २१ | २२ | २३ |
| २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |

बैठक बस्ने दिन

सार्वजनिक विदा

समितिको बैठक लगायतको प्रयोजन

**द्रष्टव्यः**

१. हरेक बैठकको प्रारम्भमा विषयवस्तुको गाम्भिर्यता हेरी आकस्मिक समय रहन सक्ने।
२. कार्यतालिकामा समावेश नभए तापनि आकस्मिक रुपमा (नयाँ विधेयक पेश, विधेयक सम्बन्धी समितिको प्रतिवेदन पेश, प्रस्तावमाथि छलफल लगायत) कुनै अत्यावश्यक विषयमाथि छलफल/विचार गर्नुपर्ने भएमा कार्यसूचीमा समावेश गर्न वा हटाउन सकिने।
३. माननीय मन्त्रीबाट सार्वजनिक महत्वको वक्तव्यको लागि समय माग भएमा बैठकको प्रारम्भमा र शून्य/विशेष/आकस्मिक समयको जवाफको लागि समय माग भएमा शून्य समयपछि उपलब्ध गराउन सकिने।
४. संसदीय अभ्यास अनुसार विपक्षी दलको नेता, पूर्व प्रधानमन्त्री, पूर्व सभामुख लगायतलाई समय उपलब्ध गराइने।
५. सभाको बैठक नबस्ने कार्यदिनहरु समितिको बैठक बस्ने लगायतको प्रयोजनका लागि छुट्याइएको। सभाको बैठक बस्ने दिनमा समेत सभाको बैठकको अघि वा पछि समितिको बैठक बस्न सक्ने।
६. नियमावलीको परिच्छेद २४, २७ र ३० लगायतका अन्य विषयहरु आवश्यकता अनुसार कार्यसूचीमा समावेश हुन सक्ने।

मिति २०८१ चैत २ गतेसम्मको कार्यभारमा आधारित।

| क्र.सं. | मिति | प्रतिनिधि सभा बैठकको सम्भावित कार्यसूची |
|---|---|---|
| १. | ३ गते | शून्य समय, विशेष समय, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक र आर्थिक तथा व्यवसायिक वातावरण सुधार विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव क्रमशः प्रस्तुत। |
| २. | ४ गते | शून्य समय, आकस्मिक/शून्य/विशेष समयमा उठेका प्रश्नको जवाफ, सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक र सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमाथि प्राप्त संशोधन सहित सदनमा दफावार छलफल र पारित गर्ने प्रस्ताव क्रमशः निर्णयार्थ प्रस्तुत। |
| ३. | ६ गते | शून्य समय, आकस्मिक/शून्य/विशेष समयमा उठेका प्रश्नको जवाफ, विशेष समय, सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत, नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ माथि प्राप्त संशोधन सहित सदनमा दफावार छलफल र पारित गर्ने प्रस्ताव क्रमशः निर्णयार्थ प्रस्तुत। |
| ४. | ७ गते | शून्य समय, प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तर, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक र आर्थिक तथा व्यवसायिक वातावरण सुधार विधेयकमाथि प्राप्त संशोधन सहित सदनमा दफावार छलफल र पारित गर्ने प्रस्ताव क्रमशः निर्णयार्थ प्रस्तुत। |
| ५. | १३ गते | शून्य समय, आकस्मिक/शून्य/विशेष समयमा उठेका प्रश्नको जवाफ, विशेष समय, नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत। |
| ६. | १४ गते | शून्य समय, आकस्मिक/शून्य/विशेष समयमा उठेका प्रश्नको जवाफ, वार्षिक प्रतिवेदन पेश, नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ र नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत, निकासी पैठारी (नियमन) विधेयक, २०८१ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत। |
| ७. | १५ गते | शून्य समय, आकस्मिक/शून्य/विशेष समयमा उठेका प्रश्नको जवाफ, विशेष समय, नविकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत। |